निर्णयहरुः-

१. प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा विगु गाउँपालिकाद्वारा आयोजना गरिएको तेस्रो राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०७७ सफलतापूर्वक सम्पन्न भएकोमा सम्बन्धित सरोकारवाला सबैलाई धन्यबाद प्रकट गर्दै जिरीमा सञ्चालन हुन गईरहेको सोही प्रतियोगिताको जिल्लास्तरीय कार्यक्रममा सहभागी हुन शुभकामनासहित विजेता खेलाडीहरुको टोली परिचालन गर्ने निर्णय गरियो। साथै प्रतियोगिता सञ्चालन गर्दा र जिरीको कार्यक्रममा सहभागी हुँदाको खर्च कार्यक्रम खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा खोलिखिम स्थित स्टेडियम निर्माण, कभर्ड हल, खेलकुद सामग्रीको बजेटबाट पछि गाउँसभाबाट अनुमोदन हुने गरी जाली खरिदको लागि रु. ४,११,०००/- स्कर्पियो जीपको ईन्जिन मर्मत (पूँजिगत) को लागि रु. ५,७६,२१२/- र खेलमैदान व्यवस्थापनको लागि रु. ३,५०,०००/- रकमान्तर गरी बाँकी हुन आउने रकम रु. ११,६२,७८८/- बाट अधुरो भवनको काम गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा मिति २०७७ कार्तिक ३ गते बसेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम 'कोरोना कोषमा त्रुटिवश काटिएको शिक्षकहरुको ३ देखि ५ दिनसम्मको तलव फिर्ता गर्ने' निर्णय कार्यान्वयार्थ "शैक्षिक संस्थालाई सहायता" शीर्षकबाट रु. ४,९१, २४९/- रकमान्तर गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा खानेपानी व्यवस्थापन वडा नं २ को रु. ५,००,०००/- र मङ्लासा जौश्वारा सडक (वित्तीय समानीकरण) को बजेट रु. ४,००,००० गरी जम्मा रु. ९,००,०००/- रकमान्तर गरी थोपोडाँडा पदमार्गमा रु. १,००,०००/-, ओराङखोला सडक सोलिङ तथा जाली खरिदमा रु. ६,००,०००/- र मालपुर सडक (नयाँ योजना) मा रु. २,००,०००/- पछि गाउँसभाबाट अनुमोदन हुने गरी थप गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा वडा नं २ को सेतिदेवी बालविकास केन्द्र पुनर्सञ्चालनको लागि आवश्यक सामग्री खरिद गरी सम्बन्धित केन्द्रलाई हस्तान्तरण गर्ने निर्णय गरियो। (पुस्तक तथा सामग्री खर्चबाट रकमान्तर)

६. प्रस्ताव नं ६ को सम्बन्धमा छलफल गर्दा वडा नं ४ को सिंगटी बजारमा स्थापना भएको तरकारी संकलन केन्द्रको लागि चालु तर्फको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शीर्षकबाट रु. २,५०,०००/- रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो।

७. प्रस्ताव नं ७ को सम्बन्धमा छलफल गर्दा विगु गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको काम कारबाहीलाई थप प्रभावकारी बनाउन उक्त शाखाबाट हुने कामहरुको सम्पर्क व्यक्ति (Focal Person) को रुपमा सोही शाखाका प्रा.स. नवराज बस्नेतलाई तोक्ने तथा आगामी आ.व. २०७८/७९ देखि विगु गाउँपालिकाभित्रका कुनै विद्यालय शिक्षकलाई उक्त शाखाको काम गर्ने गरी काजमा खटाउने निर्णय गरियो।

युधिष्ठिर खड्का
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... दोलखा

युधिष्ठिर खड्का
अध्यक्ष

८. प्रस्ताव नं ८ को सम्बन्धमा विगु गाउँपालिकाको वडा नं १ स्थित माथिल्लो तामाकोशीको जलाशय क्षेत्र र सो भन्दा माथिको क्षेत्रमा वैकल्पिक मार्ग (पैदलमार्ग तथा जलमार्ग) सञ्चालन गर्न अपर तामाकोशी हाइड्रोपावर लिमिटेडलाई प्रस्ताव पत्र पठाउने निर्णय गरियो।

९. प्रस्ताव नं ९ को सम्बन्धमा विगु गाउँपालिकाको हिउँदे गाउँसभा आगामी जेठ महिनाको ४ गते मंगलवार गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं १० को सम्बन्धमा छलफल गर्दा वडा नं ७ को विपद व्यवस्थापन शीर्षकबाट वडाध्यक्ष श्री निमछिरि शेर्पाको असाध्य रोग लागि उपचारबापत रु. १,००,०००/- भुक्तानी दिने निर्णय गरियो।

११. प्रस्ताव नं ११ को सम्बन्धमा छलफल गर्दा वडा नं ५ को चिर्कुनथान सामुदायिक भवनको शीर्षक परिवर्तन गरी सोही बजेटको सीमाभित्र रहेर काम गर्ने गरी चिर्कुनथान प्रतिक्षालय निर्माण गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं १२ को सम्बन्धमा छलफल गर्दा शिक्षा शाखाले पेश गरेको दिवा खाजा कार्यक्रम, निशुल्क स्यानिटरी प्याड व्यवस्थापन, विषयगत शिक्षण अनुदान र कोभिड -१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमको संशोधित बजेट स्वीकृत गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं १३ को सम्बन्धमा छलफल गर्दा विगु गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कारसम्बन्धी मापदण्ड, २०७८, विगु गाउँपालिकाको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८, विगु गाउँपालिकाको सार्वजनिक सम्पत्ति संरक्षण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८, विगु गाउँपालिकाको आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७८ र प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराउने मापदण्ड, २०७८ माथि छलफल गरी पारित गरियो।

१४. प्रस्ताव नं १४ को सम्बन्धमा छलफल गर्दा विगु गाउँपालिकाको आ.व. २०७७/७८ को चालु तर्फको बजेट देहायानुसार रकमान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | क्रियाकलाप | आवश्यक रकम | रकमान्तर शीर्षक | कैफियत |
|---|---|---|---|---|
| ०१ | कोभिड कोष | २०,००,०००/- | क) कार्यक्रम खर्चबाट ५,००,०००/-<br>ख) पालिकास्तरीय युवा खेलकुद प्रशिक्षणबाट ५,००,०००/-<br>ग) फिल्ड भत्ताबाट ५,००,०००/-<br>घ) स्थानीय भत्ताबाट ५,००,०००/- | कोभिड-१९ को दोस्रो लहर फैलिरहेकोमा आवश्यक पूर्वतयारी, क्वारेन्टाइन व्यवस्थापन, स्वास्थ्यकर्मीलाई जोखिम भत्ता, सामग्री खरिद, आदि। |

युधिष्ठिर खड्का
अध्यक्ष

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
...हल, दोलखा

| | | | | |
|---|---|---|---|---|
| ०२ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | १०,००,०००/- | क) महंगी भत्ताबाट १०,००,०००/- | सम्बन्धित शीर्षकमा विनियोजित बजेट सकिएको तथा कोभिडबाहेकको अन्य विपदको सम्भावना समेत रहेको। |
| ०३ | सवारी साधन मर्मत खर्च | ५,००,०००/- | क) कर्मचारी तालिम खर्चबाट ३,००,०००/-<br>ख) अन्य भ्रमण खर्चबाट २,००,०००/- | विनियोजित बजेट अपुग भई रकम थप हुन आवश्यक रहेको। |
| ०४ | भ्रमण खर्च | ८,००,०००/- | क) अनुगमन, मूल्यांकन खर्चबाट ५,००,०००/-<br>ख) अन्य भत्ताबाट ३,००,०००/- | सवारी चालक लगायत अन्य कर्मचारीहरुको भ्रमण भत्तामा रकम अपुग रहेको। |
| ०५ | घर भाडा | ५,००,०००/- | क) पुस्तक तथा सामग्री खरिद ५,००,०००/- | विनियोजित रकमबाट घर भाडा बापतको रकम अपुग भएको। |

बिगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
दोलखा